# थप (तेस्रो/3 पटक) खोपबारे Q&A (प्रश्न र उत्तर)

| | |
|---|---|
| खोप टिकट(कुपन)मा लेखिएको पहिलो/1・दोस्रो/2 पटकको खोप बारेको जानकारीमा कुनै गल्ति देखिएमा | कृपया कल सेन्टरमा सम्पर्क गर्नुहोस्। वार्डको खोप सम्बन्धिको अभिलेख जाँच गरि, जरुरी परेमा सच्याईनेछ। |
| परिवारको खोप टिकट(कुपन) पाएको (पठाइएको) छैन। | खोप टिकट(कुपन) दोस्रो/2 पटकको खोप पुरा भएको 6 महिना बितु अगाडिको महिनामा पठाइनेछ। एउटै समयमा खोप लिएको भएतापनि खोप टिकट(कुपन) नपुगेको खण्डमा कल सेन्टरमा सम्पर्क गर्नुहोस्। |
| रिजर्भेसन साइटको पासवर्ड थाहा नभई लक भएको खण्डमा । | लक खोल्नको (अनलक गर्न) लागि कल सेन्टरमा सम्पर्क गर्नुहोस्। |
| अस्पताल या अन्य कुनै ठाउँमा भर्ना भैरहेको खण्डमा के कसो गर्ने ? | भर्ना भई रहेको अस्पताल या अन्य कुनै ठाउँमा पनि खोप लिन सकिने अवस्था पनि हुनसक्ने भएकोले चिकित्सा संस्था / सुविधामा सिधै सम्पर्क गरि सल्लाह गर्नुहोस्। |
| सुगीनामी कु (वार्ड) बाहेक अन्य स्थानमा खोप लगाउन चाहन्छु। | सामान्य नियमको रूपमा, आफ्नो स्थाई बसोबास दर्ता भएको वार्डको निकायहरुमा नै खोप लिने गर्नु पर्दछ। तापनि एकल सरुवा वा नानी जन्माउन आफ्नो घरमा जाने आदि कारणले सुगीनामी कु बाहेक बाहिर खोप (आफ्नो ठेगाना बाहेकको ठाउँमा खोप लिनु ) लिने सक्ने अवस्था छ। खोप लिन इच्छा भएको वार्डको स्थानीय निकायको कोरोना खोप निकायमा सम्पर्क गर्नुहोस्। तसर्थ, आफ्नो वार्ड बाहिरको चिकित्सकबाट खोप लिंदा या कार्यक्षेत्रमा खोप लिएको खण्डमा सामान्यत सुचित गर्नु आवश्यक छैन। |
| म आफु चिकित्सा सम्बन्धि कर्मचारी आदिमा पर्छु कि पर्दिन थाहा पाउन चाहन्छु। | चिकित्सा सम्बन्धि कर्मचारी भन्नाले, चिकित्सा सम्बन्धि कर्मचारी (जसलाई अस्पतालहरूमा कोरोनाभाइरस संक्रमण हुने सम्भावना बढी छ) र वृद्धसुविधामा बसिरहेका व्यक्तिहरू / कर्मचारीहरूलाई जनाउँछ। कृपया आफु यस अन्तर्गत पर्छ कि भन्ने बारे आफ्नो कार्यस्थल (आफु बस्ने सुविधा ) मा बुझेर हेर्नु होस् । |
| आफुले कहिले खोप लगाए ठिक हुन्छ? | सरकार (देश)ले त्यो बेला बनाएको योजना अनुसार 8 महिनाको अन्तराललाई अहिले बिस्तारै अघि सारिएको छ ।अहिलेको लागि कम्तिमा 6 महिना भन्दा अगाडी हुँदैन । 65 वर्षभन्दा माथिका लागि 6 महिना र 64 वर्षभन्दा मुनिका लागि 7 महिनाको खोपको सिद्धान्त/ नियम छ। यद्यपि, दोस्रो/2पटक खोप लगाएको 6 महिनाभन्दा बढी समय बितिसकेको छ भने, 64 वर्ष भन्दा मुनिका व्यक्तिले पनि खोपको रिजर्भेसन गर्न सके खोप लिन कुनै समस्या छैन। |
| वार्डको खोप केन्द्रको रिजर्भेसनमा(ठाउँ ) खाली छैन। खाली (ठाउँ) भए पनि तुरुन्तै भरिन्छ। | खोप (लिने मिति ) अघि सारिएको कारणले,रेईवा 4 साल फेब्रुअरीमा करिब 1 लाख व्यक्तिलाई, मार्चमा करिब 1 लाख 70 हजार व्यक्तिलाई खोप लगाउने लक्ष्य राखिएको थियो। वार्डले चिकित्सा संस्थाहरूसँगको सहकार्यमा सकेसम्म धेरै खोप स्लटहरूको व्यवस्था गर्नेछ। तर सबै व्यक्तिहरुले चाहेको समयमा खोप लगाउन सक्ने अवस्था छैन। कृपया कार्यस्थलमा र देश / वार्ड आदिको खोप केन्द्रमा पनि प्रयास जारी गरि सहज रुपमा खोप लिनसक्ने वातावरण बनाउन सहयोग गर्नुहोस्। अप्रिल भन्दा पछि योग्य व्यक्तिहरूको संख्या आधा घट्ने हुनाले , तुलनात्मक रूपमा रिजर्भेसन गर्न सजिलो हुने अपेक्षा गरिएको छ। |
| रिजर्भेसन कहिले सुरु हुन्छ ? | डिसेम्बर महिना देखि थप (तेस्रो/3 पटक) खोप शुरु भएको छ। खोप टिकट पठाइएको समयदेखि नै अर्को महिना सम्मको रिजर्भेसन गर्न सकिने छ। भविष्यमा हरेक महिना रिजर्भेसन स्लटहरू जारी गर्ने योजनामा छौं। विस्तृत विवरणहरूको लागि कृपया वार्ड होमपेजमा हेर्नु होस्। |
| 18 वर्ष मुनिको परिवार सदस्य छ। थप खोप लिन सकिन्छ? | यो सूचना जारी गर्दा ( रेईवा 4 साल जनवरी 18तारिख ) ,थप खोप 18 वर्षभन्दा माथिकालाई मात्र अनुमति दिइएकोले खोप दिइने छैन। भविष्यमा, यदि लक्षित उमेर कम गरिएको खण्डमा , हामी सम्बन्धित व्यक्तिलाई पुन: सूचित गर्नेछौं। |
| खोप केन्द्रमा कतिबजे तिर गए राम्रो होला ? | रिजर्भेसन गरेको समय अनुसार आउनुहोस्। वार्डले व्यवस्था गरिएको सामुहिक खोप केन्द्रमा प्रतीक्षा गर्ने ठाउँ छैन। साथै, खोपको समय भन्दा अघि खोप लिन पनि सकिने छैन।<br>रिजर्भेसन गरेको समयबाट 5 मिनेट जति भन्दा अघि आउनुहोस्।<br>(5 मिनेटमा भन्दा धेरै अघि पुगिने गरि आउने नगर्नु होस् ) |
| गाडीबाट जान सक्ने खोप केन्द्र छ? | वार्डको (कु) सामुहिक खोप केन्द्रको सन्दर्भमा, साधारण व्यक्तिहरु आफ्नो गाडीबाट जान सकिने खोप केन्द्र रिस्योउ कोउसेइ खाई होउरिन खाकु मात्रै हो। शारीरिक रुपमा अशक्त या अरु कुनै विशेष कारण भएका व्यक्तिहरु मात्रै, मोमोइ हाराप्पा कोउएन【अस्थाई केन्द्र】मा पनि गाडीबाट आउन सकिनेछ । तर सिमित गाडी मात्र पार्क गर्न सकिने भएकोले, पार्क गर्न नसकिने वा पर्खनु पर्ने अवस्था पनि हुन सक्दछ। ताखाईडो चीईकी कुमिन सेन्टरको सन्दर्भमा केन्द्रको आफ्नै पार्किङ्ग गर्ने ठाउँ उपलब्ध छ (शुल्क लाग्नेछ) । |
| खोप लिइसकेको प्रमाणपत्र जारी गर्न चाहन्छु । | खोप टिकटको दायाँ तल रहेको हरियो रंगको फ्रेम भित्रको भाग नै आधिकारिक खोप प्रमाणपत्र हो। तेस्रो/3 पटक खोप लगाएर, पहिलो/1~तेस्रो/3 पटकको खोपको प्रमाणपत्रको रूपमा प्रयोग गर्न सक्नुहुन्छ। ※पहिलो/1 र दोस्रो/2 पटकको खोपको समयमा सुगीनामी वार्डमा बसाई दर्ता नभएका व्यक्ति र विदेशमा वा क्लिनिकल ट्रायलमा खोप लिएका व्यक्तिहरूलाई सुगिनमी वार्डमा प्रमाणित गर्न नसकिने भएकोले「＊」लेखिएको छ। यदि पहिले नै खोप प्रमाणपत्र लिइसकेको भए सुरक्षित साथ राख्नुहोस्। |
| तेस्रो/3खोप लिई सकेपछि खोप पासपोर्ट पुन: जारी गर्नु आवश्यक छ? | व्यक्तिगत नम्बर कार्ड भएका व्यक्तिले स्मार्टफोनको एप्लिकेसनद्वारा खोप पासपोर्ट देखाउन सक्नुहुन्छ। यदि कागजी खोप पासपोर्ट चाहनु हुने व्यक्तिले , कृपया स्वास्थ्य केन्द्रको होकेन योबोउ खा मा हुलाक मार्फत आवेदन दिनुहोस्। |

सुगीनामीकु 【ネパール語】

यो सूचना जनवरी 18 तारीख हालको जानकारी हो।



# नयाँ कोरोना भाइरस थप (तेस्रो /3 पटक) खोपको सूचना

~ खोप ऐच्छिक हुनेछ ~

खोपको लागत (रकम/पैसा) निशुल्क (पैसा नलाग्ने) सम्पूर्ण रकम सरकारी खर्चमा (सरकारले व्यहोर्ने)

- यो सूचना प्राप्त गर्नु हुने व्यक्ति, नयाँ कोरोना भाइरसको थप (तेस्रो /3 पटक) खोपको लागि योग्य व्यक्ति हुनु हुन्छ।
- सरकारको (देश) सूचना अनुसार, थप (तेस्रो/3पटकको) खोप लगाउन सकिने मिति समग्र रूपमा अघि सारिएको छ।
- भविष्यमा, वार्डका चिकित्सा संस्थाहरू वा सामूहिक खोप केन्द्र बाहेक पनि देश या शहरका ब्यापक खोप केन्द्रहरुमा , कार्यस्थल या विश्वविद्यालयहरू विभिन्न खोप केन्द्रहरुमा खोप लगाउने अवसरहरु प्रदान गरिने सम्भावना भएकोले, दोस्रो/2 पटकको खोप पुरा भइ 6 महिना लागेका व्यक्तिलाई खोप टिकट (कुपन) पठाइने छ।
- कृपया, यो सूचना ध्यानपूर्वक पढेपछि, खोप लगाउन इच्छा गर्नु हुने व्यक्तिले रिजर्भ गर्ने प्रक्रिया गर्नुहोस्।

## थप (तेस्रो /3 पटक) खोपको बिवरण

योग्य हुने व्यक्ति : नयाँ कोरोना भाइरस खोपको दोस्रो / 2 पटक खोप पुरा भईसकेका 18 वर्ष भन्दा माथिका व्यक्तिहरू

खोपको प्रकार: पहिलो/1 र दोस्रो/2 पटक लिएको खोपको प्रकारलाई ध्यान (मतलब) नगरि, ताकेदा / मोदेरुना कम्पनि, फाइजर कम्पनि मध्ये कुनै पनि (जुन भएपनि) खोप लगाउन सक्नु हुनेछ।

खोप लगाउने समय: नयाँ कोरोना भाइरस खोप दोस्रो /2 पटक खोप पुरा भई सकेका 18 वर्ष माथिका व्यक्तिहरू

| | | |
|---|---|---|
| चिकित्सा संग संबन्धित व्यक्ति | उमेरको प्रतिबन्द नभएको | 6 महिना भन्दा बढी |
| चिकित्सा संग संबन्धित नभएका व्यक्ति | 65 वर्ष भन्दा माथि | 6 महिना भन्दा माथि |
| | 64 वर्ष भन्दा तल | 7 महिना भन्दा माथि※ |

※ यद्यपि, खोप लगाउने अवस्था मिलेको खण्डमा 6 महिना अघि भएपनि खोप लगाउन मिल्ने व्यवस्था छ।

● कृपया उपयुक्त खोप लिएको अन्तरालको जाँच आफैले गरि, रिजर्बेशन आदिको प्रक्रिया गर्नुहोस्।

## खोप लिने बेला सम्मको प्रवाह

### 1 प्राप्त गर्नुभएको खोप टिकट (कुपन)को जाँच गर्नुहोस्

- यो सुचनाको खाम भित्र खोपको लागि आवश्यक खोप टिकट (कुपन), प्रारम्भिक जानकारी पत्र हाली पठाइएको छ। खोप टिकट(कुपन) मा लेखिएको कुरामा कुनै गलत छ कि राम्रो संग जाँच गर्नुहोस्। विशेष गरि खोप टिकट(कुपन)को दायाँ तल को □ मा लेखिएको पहिलो/1 र दोस्रो/2 पटक खोप लिएको मिति र खोपको प्रकारमा कुनै गलत कुरा लेखिएको छ कि छैन जाँच गर्नुहोस्।

➡ लेखिएको कुरामा कुनै गलत कुरा भएमा, खोप लगाउनु अघि कल सेन्टरमा अनिवार्य रुपमा सम्पर्क गर्नुहोस्। रेकर्ड सच्याइएपछि, सहि बिवरणको खोप टिकट (कुपन) जारी गरिनेछ।

### 2 खोप लिन सकिने मितिको जाँच गर्नुहोस्।

थप (तेस्रो/3 पटक) खोप सामान्य नियम अनुसार दोस्रो/2 पटकको खोप लिएको मिति बाट 7 महिना पछि (65वर्ष भन्दा माथिलाई 6 महिना पछि) को एउतै तारीख पछि हुनेछ। यद्यपि, एउतै तारीखमा नभएको खण्डमा अर्को महिनाको 1 तारीख मा हुनेछ।

उदाहरण 1 दोस्रो/2 पटक खोप लिएको : 7/1/2021

▼

तेस्रो/3 पटक खोप लिएको : 2/1/2022

उदाहरण 2 दोस्रो/2 पटक खोप लिएको : 7/30/2021

▼

तेस्रो/3 पटक खोप लिएको : 3/1/2022

※खोप लिएको अन्तराल 7 महिनाको उदाहरण



## 3 खोप केन्द्र खोज्नु / रिजर्भेसन गर्नु

खोप केन्द्र खोज्नु भई रिजर्भेसन गर्नुहोस्। खोप केन्द्र अनुसार, रिजर्भेसन गर्ने तरिका फरक हुन सक्छ। रिजर्भ गरिसकेपछि नबिर्सिने गरि खोप टिकट (कुपन) मा「★रिजर्भ गरेको दिन नोट」को कोष्ठमा रिजर्भेसनका बिवरणहरु लेख्नुहोस्।

### ❶वार्डको रिजर्भेसन साइट, कल सेन्टरबाट रिजर्भ गर्न सकिने खोप केन्द्र

**वार्ड भित्र रहेका चिकित्सा संस्थाहरू मध्येका केहि संस्था (अस्पताल, क्लिनिक / क्लिनिक)**

छुट्टै पेज「नयाँ कोरोना भाइरसको खोप केन्द्रको सूचना」मा दर्ता गर्ने तरिका「सुगीनामी कु」मा🟢 लगाइएको स्वास्थ्य संस्था सुगीनामी कुको खोप रिजर्भेसन इन्टरनेट साइट वा सुगीनामी कुको कल सेन्टरबाट रिजर्भेसन गर्न सकिन्छ। नियमित जाँचमा बाधा पर्न सकिने हुनाले अस्पताल, क्लिनिक / क्लिनिकमा (स्वास्थ्य संस्था) सिधै फोन नगर्नु होला।

**वार्ड भित्रका सामूहिक खोप केन्द्र (वार्ड भित्र 8 केन्द्र )**

छुट्टै पेज「नयाँ कोरोना भाइरसको खोप केन्द्रको सूचना」मा उल्लेख गरिएका वार्ड भित्रका 8 सामूहिक खोप केन्द्रको बारेमा वार्डका खोप रिजर्भेसन साइट वा वार्ड कल सेन्टरमा रिजर्भेसन गर्न सक्नु हुनेछ। 65 वर्ष भन्दा माथिका व्यक्तिका लागि रेईवा 4 साल फेब्रुवरी महिना बाट खोप सुरु भएको छ।
सर्वसाधारण व्यक्तिका लागि मार्च महिना देखि खोप सुरु हुनेछ।

**सुगीनामी कु नयाँ कोरोना भाइरस खोप रिजर्भेसन साइट**

https://www.vaccine-info-suginami.org

लगइन या रिजर्भेसन गर्ने तरिकाको लागि माथिको URLवा दायाँको 2D कोडबाट म्यानुअल हेर्नुहोस्।
ID: खोप टिकट नम्बर (10 अंक), प्रारम्भिक पासवर्ड: जन्म मिति उदाहरण 1987 साल जुन महिना 5 तारीख ➡19870605

**सुगीनामी कु नयाँ कोरोना भाइरस खोप कल सेन्टर**

**0120-023-015**

9:00 – 17:00
वर्षको अन्त्य / नयाँ वर्षको बिदाहरू बाहेक

फोन गर्ने बेलामा, हातमा आफ्नो खोप कार्ड (कुपन) तयार राख्नुहोस्।
You can speak in foreign languages.
निम्न विदेशी भाषाहरु छन्। । Ngôn ngữ có thể sử dụng
외국어로 말할 수 있어요. 可以使用外语 會說各国語言

### ❷ चिकित्सा संस्थामा सिधै रिजर्भेसन गर्ने खोप केन्द्र

**वार्ड भित्र रहेका चिकित्सा संस्थाहरू मध्येका केहि संस्था (अस्पताल, क्लिनिक / क्लिनिक)**

छुट्टै पेज「नयाँ कोरोना भाइरसको खोप केन्द्रको सूचना」मा रिजर्भेसन गर्ने तरिका「चिकित्सा संस्था」मा🔴 चिन्ह लगाइरहेको चिकित्सा संस्थाहरुमा सिधै रिजर्भेसन लिने गरिएको छ। केही चिकित्सा संस्थाहरूमा सो चिकित्सा संस्थाको होमपेजबाट पनि रिजर्भेसन गर्न सकिने व्यवस्था भएको संस्थाहरु पनि छन्।

### ❸ अन्य खोप केन्द्र

**देश या वार्डद्वारा स्थापित ब्यापक खोप केन्द्र**

रिजर्भेसन / सोधपुछ
➡ सम्बन्धित कार्यान्वयन केन्द्रहरुमा

देशबाट पहिलो/1 र दोस्रो/2 पटकको खोप जस्तै, शहरमा सेनाद्वारा संचालित ब्यापक खोप केन्द्रहरुको स्थापना गर्दैछ। साथै, टोकियोभित्र पनि बिभिन्न शहरहरुमा ब्यापक खोप केन्द्रहरु संचालन गर्दैछ। सोधपुछको लागि सम्बन्धित खोप केन्द्रहरुमा सम्पर्क गर्नुहोस्।

**कार्यस्थल या विश्वविद्यालय आदि (कार्यस्थलमा खोप)**

रिजर्भेसन / सोधपुछ
➡ सम्बन्धित कार्यान्वयन केन्द्रहरुमा

केही कम्पनीहरू या संस्थाहरू, विश्वविद्यालयहरुमा, पहिलो /1 र दोस्रो/2 पटकको खोप जस्तै कर्मचारी या विद्यार्थी / शैक्षिक कर्मचारीहरुको लागि (कार्यस्थलमा खोप) दिईने व्यवस्था पनि हुन सक्दछ। तेस्रो/3 पटकको खोप दिईने व्यवस्था छ / छैन कार्यस्थल या विश्वविद्यालयहरुमा सोधपुछ गर्नुहोस्।

## 4 खोप लगाउने

खोपको लागत (रकम /पैसा)
सम्पूर्ण रकम सरकारी खर्चमा (सरकारले व्यहोर्ने)

खोपको लागत (रकम /पैसा)

खोप लगाउने बेला, ① खोप टिकट, ② पूर्व परीक्षा पर्ची ③ व्यक्ति पुष्टिकरण पत्र (पहिचान प्रमाणिकरण) जस्ता 3 कागजातहरूको आवश्यक पर्दछ।



तेस्रो /3 पटकको खोप अनिवार्य छ
※कार्यस्थलमा खोप लिएको खण्डमा पनि

+



पहिलेनै आवश्यक कुराहरु लेखेर राख्नुहोस्।

+



स्वास्थ्य बीमा कार्ड, माई नम्बर कार्ड(व्यक्तिगत नम्बर कार्ड) आदि

➡ नबिर्सिकन तयारी गरि, पाखुरा निकाल्न सजिलो लुगा लगाएर खोप केन्द्रमा जानुहोस्।

- कृपया माथिको ①~③ का कुराहरु अवश्य साथमा लिएर आउनुहोस्। विशेष गरि ①③ का कुराहरु साथमा नभएको खण्डमा खोप लिन पाउनु हुने छैन।
- हाल औषधी सेवन गरिरहेको व्यक्तिले औषधीको नामहरु लेखीएको नोट पनि सँगै लिएर आउनुहोस्।
- रिजर्भेसन (वा कार्यस्थलले तोकेको) समयमै खोप केन्द्रमा आइ पुग्नुहोस् ।

## 5 खोप लिई सकेपछि पनि संक्रमण हुनबाट जोगिन रोकथामका उपायहरू जारी गर्नु पर्दछ।

तेस्रो / 3 पटकको खोप पछि पनि संक्रमण हुनबाट जोगिन रोकथामका उपायहरू जारी राख्नुहोस्।




### खोप लिन प्रयोग गरिएको खोपको प्रकार

- पहिलो/1 र दोस्रो/2 पटकको खोपमा, वार्डका बासिन्दाहरू मध्ये करीब 20%का व्यक्तिहरुलाई ताकेडा / मोडेर्ना खोप, करीब 80%का व्यक्तिहरुलाई फाइजर खोप दिइएको छ।
- तेस्रो/3 पटकको खोपमा, देशबाट सरकारी निकायहरुलाई, ताकेडा/मोडेर्ना कम्पनी, फाइजर कम्पनीका खोपहरू करीब 50% को दरमा खोप दिन योग्य व्यक्तिहरुको संख्या अनुसार खोप वितरण गरिनेछ। ※ पहिलो/1 र दोस्रो/2 पटक फाइजर कम्पनीको खोप लगाउनु भएका सबै व्यक्तिहरुलाई पनि फाइजर कम्पनीको खोपहरू वार्डमा वितरण नगरिने योजना छ।
- वार्डले दुई प्रकारका खोपहरू दिनको लागि व्यवस्था गरिएको छ। खोपको प्रकार अनुसार, खोप लगाउन सकिने केन्द्र या बार, समय फरक हुन सक्ने भएकोले रिजर्भेसन गर्ने बेलामा अवश्य जाँच गर्नु होस्।
- अस्पताल, क्लिनिक र क्लिनिकहरूमा पनि 2 प्रकारका खोपको प्रयोग गरि खोप दिने गरिन्छ।
- फाइज़र कम्पनीको थप खोप लगाउन इच्छा गरेका व्यक्तिहरु धेरै भएमा, 8/आठौं महिनापछि खोप लगाउन नपाउन पनि सक्दछ। थप (तेस्रो/3 पटक)खोप जुन कम्पनीको भएपनि लगाउन सकिने भएकोले, रिजर्भेसन गर्न सजिलो भएको केन्द्रमा गई खोप लिईदिनु भई सहयोग गरिदिन हुन अनुरोध गर्दछुं।

### सुगीनामी कुको खोप लगाउन योग्य व्यक्तिहरुको संख्या

- खोपको अन्तराल अघि सारिएको कारण, फेब्रुअरी/मार्च महिनामा नै अर्को खोप लिने बेला भएका व्यक्तिहरू अत्यन्तै धेरै हुन्छन् ।
- तलको तालिकामा 65 वर्ष भन्दा माथिका व्यक्तिहरु 6 महिना, त्यो बाहेकका व्यक्तिहरु 7 महिनाको अन्तराल भएको महिने पिच्छेको खोप लगाउन योग्य व्यक्तिको संख्या हो ।

| खोप लिईने महिनाहरु | फेब्रुअरी | मार्च | अप्रिल | मे | जून |
|---|---|---|---|---|---|
| व्यक्तिहरुको संख्या (लगभग / करिब ) | 97,000 | 177,000 | 66,000 | 49,000 | 13,000 |

चिकित्सा संस्थाहरू या चिकित्सा संघका सहकार्यमा, सकेसम्मको खोप प्रणालीको व्यवस्था गरेका छौं।तापनि वार्डका सम्पूर्ण बासिन्दाहरूले पनि समय नगुमाई त्यो समयमा लिन सक्ने खोप लिन हुन आग्रह/ अनुरोध गर्दछौं।

### नयाँ कोरोना भाइरसको खोपबाट फाइदा लिन ठगि गर्नेहरु प्रति सतर्क रहनुहोस्।

सरकारी निकाय आदिले नयाँ कोरोना भाइरस खोपका लागि शुल्क (पैसा) को माग गर्ने गरेको छैन ।
चिन्ता या शंका लागेको अवस्थामा तथा समस्या परेमा, प्रहरी कार्यालय वा उपभोक्ता सेन्टरमा सल्लाह गर्नुहोस्।

◆नयाँ कोरोना खोपको ठगि, उपभोक्ता हटलाइन ☎0120-797-188
◆प्रहरी परामर्श विशेष टेलिफोन नं # 9110